नेपाल सरकार
ऊर्जा मन्त्रालय

**प्रेस विज्ञप्ति**

*मिति: २०७४।७।३०*

आज मिति २०७४।७।३० गते ७५० मेगावाट क्षमताको पश्चिम सेती जलविद्युत आयोजना निर्माण गर्नको लागि नेपाल विद्युत प्राधिकरण तथा थ्री गर्जेज इन्टरनेशनल कर्पोरेसनबीच संयुक्त लगानी सम्झौता (Joint Venture Agreement) सम्पन्न भएको छ । चीन सरकारको स्वामित्व रहेको उक्त कम्पनीको ७५% र नेपाल विद्युत प्राधिकरणको २५% शेयर रहने तथा उक्त कम्पनी मार्फत् नै ऋण लगानी हुने गरी निर्माण हुन लागेको उक्त आयोजनाको विकास निर्माणमा चीन सरकारले देखाएको सदासयता तथा सहयोगको ऊर्जा मन्त्रालय सऱ्हाना गर्दछ । नेपालको जलविद्युत क्षेत्रमा चीन सरकार तथा चिनियाँ कम्पनीहरुको सदियौंदेखिको सहयोग एवं संलग्नताको नेपाल सरकार, ऊर्जा मन्त्रालय हार्दिक कदर गर्दछ र आगामी दिनमा समेत यस प्रकारको पारस्परिक सहयोगको अपेक्षा नेपाल सरकारले गरेको छ ।

हालसालै नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको बुढीगण्डकी जलविद्युत आयोजना सम्बन्धी निर्णय उपर संचार माध्यम लगायतका टिकाटिप्पणी खास गरी नेपाल-चीन सम्बन्धबारेका चासोहरुमा ऊर्जा मन्त्रालयको ध्यानाकर्षण भएको छ । यो निर्णय सम्मानित संसदीय समितिहरुको निर्देशन कार्यान्वयन गर्ने क्रममा भएको हो । साथै यो निर्णय कुनै देश वा निर्माण कम्पनी विरुद्ध लक्षित छैन । उल्लिखित वस्तुगत आधारमा भएको यो निर्णय कुनै गलत नियतले नभएको हुँदा यसमा कसैले कुनै प्रकारको चिन्ता, आशंका आदि नगर्न ऊर्जा मन्त्रालय हार्दिक अनुरोध गर्दछ । यस निर्णयले दुई देशबीचको सदियौंदेखिको प्रगाढ सम्बन्धमा कुनै असर नपार्ने कुरामा नेपाल सरकार, ऊर्जा मन्त्रालय सम्पूर्ण सर्वसाधारण तथा सरोकारवालाहरुलाई विश्वस्त हुन समेत हार्दिक आग्रह गर्दछ ।

**दिनेशकुमार घिमिरे**
सहसचिव एवम् प्रवक्ता